# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, चैत १ गते २०५२ साल (अतिरिक्ताङ्क ४८ (घ)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को परामर्शमा न्यायप्रशासन ऐन, २०४८ बमोजिम २०५३ साल वैशाख १ गतेदेखि लागू हुने गरी नेपाल अधिराज्यमा १४ वटा पुनरावेदन अदालतहरू रहने गरी प्रादेशिक अधिकार क्षेत्रसमेत तोकिबक्सेकोमा मौसूफबाट २०५३ साल वैशाख १ गतेदेखि लागू हुने गरी मध्य-पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्र, वीरेन्द्रनगर सुर्खेतमा पनि एक थप पुनरावेदन अदालत स्थापना गरिबक्सी दैलेख, सुर्खेत र जाजरकोट जिल्लालाई पुनरावेदन अदालत, नेपालगञ्जको प्रादेशिक अधिकार क्षेत्रबाट झिकी पुनरावेदन अदालत, वीरेन्द्रनगरको प्रादेशिक अधिकार क्षेत्रमा तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ।

526

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।